नेपाल सरकार

कृषि विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

**प्रथम पटक सूचना प्रकाशन मिति २०७१।१२।०९**

## (सोलार जडानको सिलवन्दी दरभाउपत्र आह्वान गरिएको सूचना)

यस विभागको लागि आवश्यक स्वीकृत स्पेशिफिकेसन अनुसार सोलार जडानको कार्य सिलवन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सम्बन्धित निकाय र भ्याटमा दर्ता भएका इच्छुक सप्लायर्स व्यावसायीबाट देहायको शर्तको अधिनमा रही रीतपुर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

१. प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७१।१२।०९ ले १५ दिनको कार्यालय समय भित्र रू. ३००।०० (तीन सय) (फिर्ता नहुने गरी) शुल्क बुझाई फर्म दर्ता, मु.अ.कर दर्ता आ.ब ०७०।७१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ पेश गरी विभागको खरिद ईकाइ (स्टोर शाखा) बाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउ पत्र फारम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजे सम्म सोही शाखामा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएको दरभाउ पत्र सोही दिनको अपरान्ह २.०० बजे विभागमा खोलिने छ । दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन विदा परेमा सो सम्बन्धि काम भोलिपल्ट हुनेछ ।

३. दरभाउपत्रमा आफुले कबोल गरेको दररेट अंक अक्षर दुवैमा केरमेट नगरी स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट गरेको स्थानमा आधिकारीक दस्तखत र फर्मको छाप लगाएको हुनु पर्नेछ ।

४. तल उल्लेखित धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ने.बैं. लि. गाबहाल ललितपुरमा रहेको धरौटी खाता नं. ०१८-५१-००१६८५६ कार्यालय कोड नं. २८-३१२-१४ मा जम्मा गरेको सक्कल भौचर वा विभागको नाममा मान्यता प्राप्त वाणिज्य बैंकद्धारा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको Bid Bond र फर्म दर्ता, मु.अ.कर दर्ता, आ.व. २०७०।७१को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र अन्य आवश्यक कागजात सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउ पत्र पेश गर्दा खाममा सिलबन्दी दरभाउपत्र नं. र कामको विवरण उल्लेख गर्नु पर्ने छ ।

६ रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन । दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार विभागमा निहित रहने छ ।

७. यो सूचना विभागको वेव साइट www.dls.gov.np मा पनि हेर्न सकिने छ ।

८. अन्य विषयको हकमा सार्वजनिक खरीद ऐन, २०६३, नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | धरौटी रू. |
|---|---|---|---|
| १ | ०१।०७१/७२ | सोलार जडान सम्बन्धी काम | २५०००।- |